# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

प.सं :- ०७९।०८०

च.नं. :- १०६५

बागमती प्रदेश, नेपाल

**आ.व. २०७९ /०८० का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना !**

रोजगारीको हकसम्बन्धी ऐन २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५(पहिलो संशोधन,२०७७ सहित)आर्थिक वर्ष ०८०।०८१ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा मिति २०७९ माघ महिना भित्रमा वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय,रोजगार सेवा केन्द्र,किस्पाङ गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ । साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः-**

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं, जारी मिति तथा जिल्ला

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता............................................ सिप, दक्षता तथा रोजगारीको अवस्था, स्वदेश विदेश स्वरोजगार ।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि,ना प्र. नं पत्र अन्यत्रवाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र नाप्र. नं पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।

७) यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण।

८) देश.................................पासपोर्टनं...............................विदेशमा गरेको कामसंग सम्बन्धित सीप............................................उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्र किस्पाङ गा.पामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ

महा प्रसाद ढुंगाल

प्रमुख प्रशासकीय अधिकृत